नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
गोरखा

फोन नं.- ०६४-४२०१३३,४२१४१६
फ्याक्स नं.- ०६४-४२०१८९
Email: dao.gorkha@gmail.com
URL: daogorkha.moha.gov.np

प.सं.:०७७/७८
च.नं.:

मिति: २०७७।०४।३०

## सवारी पास सम्बन्धी अत्यन्त जरुरी सूचना ।

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस ( Covid-19) को संभावित संक्रमण रोकथाम, नियन्त्रण र व्यवस्थापनको लागि गृह मन्त्रालयबाट प्राप्त पछिल्लो सवारी पास वितरणलाई थप व्यवस्थित गर्ने सम्बन्धी निर्देशनको अधिनमा रही यस कार्यालयबाट तपशिल बमोजिमको प्रयोजनको लागि मात्र आजै देखि लागु हुने गरी सवारी पास जारी गरिने व्यहोरा सम्बन्धित सवैमा जानकारीको लागि अनुरोध छ । साथै सवारी पासको लागि कार्यालयमा निवेदन दिदाँ अनिवार्य रुपमा निवेदनको साथमा प्रयोजन अनुसार माग भएअनुसारको प्रमाण खुल्ने कागजात समेत पेश गर्नुहुन समेत अनुरोध छ ।

**तपशिल:**

| क्र.सं. | सवारी पास जारी हुने प्रयोजन | पेश गर्नुपर्ने कागजात | कैफियत |
|---|---|---|---|
| १ | बिरामी/ सुत्केरीले प्रयोग गर्ने सवारी साधन | चिकित्सकको सिफारिस(रिफर), निवेदन, प्रयोग हुने सवारी साधनको बिलबुकको फोटोकपी, सवारी चालक अनुमती पत्रको प्रतिलिपि, सवारी चालकको नाम | बिरामी-१, बिरामी कुरुवा-१, सवारी चालक-१( जम्मा – ३ जना) |
| २ | अत्यावश्यक सेवा प्रवाह गर्ने पदाधिकारी/ राष्ट्रसेवक कर्मचारी सवार सवारी साधन | कार्यालयको प्रयोजन खुलेको पत्र,कर्मचारी सरुवा भई हाजिर हुन जानुपर्ने भए रमाना पत्र, बिदा बेतित गरी कार्यालय हाजिर हुन जानुपर्ने भए अनिवार्य रुपमा कार्यालयको सिफारिस | सवारी चालक सहित ३ जना |
| ३ | विदेश जाने प्रयोजनको लागि हवाई टिकट कन्फर्म भएका व्यक्ति सवार सवारी साधन | विदेश जाने व्यक्तिको पासपोर्टको फोटोकपी, भिसा, हवाई टिकट, निवेदन, सवारी साधनको बिलबुकको फोटोकपी, सवारी चालक अनुमती पत्रको प्रतिलिपि, सवारी चालकको नाम | चालक सहित २ जना मात्र |

**सवारी साधन अनुमतीपत्र आवश्यक नपर्ने:**

क) एम्बुलेन्स, शववाहन, दमकल ।

ख) झण्डावाल सवारी ।

ग) कुटनीतिक उन्मूक्ति तथा सुविधा प्राप्त नियोग, व्यक्ति तथा संघ/ संस्थाहरु

घ) प्रेस पास प्राप्त संचारकर्मीहरु

ङ) स्वास्थ्य सेवामा खटिएका चिकित्सक, नर्स, फार्मसिस्ट, प्रयोगशालामा कार्यरत प्राविधिक, अस्पतालमा कार्यरत अन्य कर्मचारीहरु, औषधी उत्पादन ढुवानी र बिक्रिवितरणमा संलग्न हुने जनशक्तिहरु

च) खानेपानीमा मर्मत संभार र वितरण र वितरणमा संलग्न जनशक्ति

छ) ठुलो खाद्य स्टोरमा कार्यरत जनशक्ति

ज) फोहोरमैला व्यवस्थापनमा परिचालित जनशक्ति

झ) अत्यावश्यक वस्तु तथा सेवा ढुवानी गर्ने मालवाहक सवारी साधनहरु ।

२०७७/०४/३०

हर्क बहादुर रोका
प्रशासकीय अधिकृत